# प्रेतकल्प उपन्यासमा प्रयुक्त उखानको विश्लेषण

कमलादेवी भण्डारी
उप-प्राध्यापक
कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा
email: subedikamala2023@gmail.com

## लेखसार

यस लेखमा नारायण ढकालको 'प्रेतकल्प' उपन्यासमा प्रयुक्त उखानहरूको अध्ययन र विश्लेषण गरिएको छ । उक्त उपन्यासमा के कस्ता र कति उखान छन्, भन्ने विषयलाई यस लेखमा अध्ययन गरी व्याख्या गरिएको छ । यस अध्ययनमा उक्त उखानका माध्यमद्वारा समाजमा चेतना जगाउने र नेपाली भाषाको मौलिकता झल्काउने कार्य भएको छ कि छैन भन्ने कुराको खोजी गरिएको छ । शोधार्थीहरूद्वारा उखानका सम्बन्धमा विश्वविद्यालयीय सोपाधिक अनुसन्धानहरू गरिएका छन् । साहित्यिक पत्रपत्रिका र पुस्तकमार्फत उखान तथा 'प्रेतकल्प' उपन्यासका बारेमा पनि अध्ययन विश्लेषण भएका छन् । यस लेखमा भने 'प्रेतकल्प' उपन्यासमा प्रयुक्त उखानको मात्र अध्ययन गरिएको छ । यो गुणात्मक अनुसन्धानअन्तर्गतको अध्ययन भएकाले यसमा पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरी वर्णनात्मक अनुसन्धान विधिअन्तर्गत व्याख्या-विश्लेषण गरिएको छ । यसमा उखान तथा 'प्रेतकल्प' उपन्यासको सामान्य परिचय दिएर उपन्यासमा प्रयुक्त उखानहरूको खोजी गरी तिनको स्रोत, अर्थ तथा उपन्यासको प्रसङ्गका आधारमा विश्लेषण गरिएको छ । उपन्यासमा वर्णित नेपाली समाजमा विद्यमान अशिक्षा, गरिबी, शोषण, जातिभेद, वर्गभेद, राजनीतिक तथा प्रशासनिक निरङ्कुशताको आलोचनात्मक चित्रणमा उखानले अझ स्पष्ट पारेको हुँदा यो नै प्रस्तुत उपन्यासमा उखान प्रयोगको प्राप्ति हो । अतः यस उपन्यासमा उखानहरूको प्रभावकारी प्रयोग गरी समाजिक चेतना जगाएइएको हुँदा यो उखान प्रयोगका दृष्टिले विशिष्ट स्तरको उपन्यास हो भन्ने यस लेखको निष्कर्ष रहेको छ ।

***शब्दकुञ्जी*** : आख्यान, आहान, उखान, प्रतिबिम्ब, व्यञ्जना/व्यञ्जित, व्यभिचार, निरङ्कुश, मानवतावादी विचार

## विषय-परिचय

आधुनिक नेपाली साहित्यका सुप्रसिद्ध आख्यानकार नारायण ढकालद्वारा लिखित 'प्रेतकल्प' आधुनिक सामाजिक यथार्थवादी उपन्यास हो । यसमा केही उखानको प्रसङ्गानुसार समुचित रूपमा प्रयोग गरिएको छ । उखान नेपाली समाजका मान्यता, धारणा, पेसा, रहनसहन, अनुभव तथा मानवस्वभावको कलात्मक भाषिक प्रस्तुति हो । उखानले आख्यान साहित्यमा रोचकता र कलात्मकता थपेका हुन्छन् । 'प्रेतकल्प'मा के कस्ता उखानहरू प्रयुक्त छन् ? भन्ने प्रश्न यस लेखकको समस्या हो । उपन्यासमा प्रयुक्त उखानको खोजी गरी विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेको छ ।

नेपाली साहित्यमा महत्त्वपूर्ण स्थान रहेका उखानको अध्ययन गर्नु आवश्यक भएको हुँदा यस अध्ययनको औचित्य साबित हुन्छ । नेपाली उखान नेपाली भाषाका यावत् क्षेत्रमा प्रयुक्त छन् । त्यसैले यो विषय व्यापक रहेको छ । 'प्रेतकल्प' उपन्यासमा प्रयुक्त उखानको मात्र अध्ययन गर्नु यस लेखको सीमा रहेको छ भने खोजी गरिएका उखानको स्रोत वा आधार, अर्थ तथा प्रसङ्गलाई प्रस्ट्याउने प्रयास गरिएको छ । यो गुणात्मक अनुसन्धानात्मक अध्ययन भएको हुँदा न्यारेटिभ इन्क्वाएरी ढाँचामा विवेच्य उपन्यास तथा अन्य सन्दर्भ ग्रन्थहरू अध्ययन गर्दै आवश्यक कुरा टिपोट गरेर पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरी वर्णनात्मक अनुसन्धान विधिअनुसार उक्त सामग्रीको विश्लेषण गरिएको छ ।

नेपाली उखानका सम्बन्धमा समसेर (२०५०) को 'नेपाली उखान टुक्काको कोश' प्रकाशित भएको छ भने प्रधान (२०३९) ले 'नेपाली साहित्यमा उखानको स्थान' बारे चर्चा गरेका छन् । कोइरालाको (२०७३) 'उखान सिद्धान्त र विश्लेषण' नामक पुस्तक प्रकाशित छ । यस्तै विद्यावारिधि तथा स्नातकोत्तर शोधकार्य आदि उखानका बारेमा धेरै अध्ययन भएको पाइन्छ । 'प्रेतकल्प' उपन्यासको अन्य विविध पक्षका सम्बन्धमा चर्चा भएका छन् तर यस उपन्यासमा प्रयुक्त उखानका बारेमा भने हालसम्म कसैले अध्ययन गरेको पाइँदैन । अतः यहाँ यस विषयमा अध्ययन गरिएको हो ।

## सैद्धान्तिक पर्याधार

कुनै पनि मानव समाजमा परापूर्वकालदेखि मौखिक तथा लिखित रूपमा प्रयोग हुँदै आएका कलात्मक, सूत्रात्मक तथा सारगर्भित छोटा भनाइहरूलाई आहान वा उखान भनिन्छ । संस्कृत उपाख्यान शब्दबाट अपभ्रंस भएर बनेको उखानको अर्थ लोकजीवनमा प्रचलित अनुभवपूर्ण चुट्किला, उक्ति, लोकोक्ति, आहान, कहावत भन्ने हुन्छ (पोखरेल र अन्य, २०४०, पृ..१३३) । उखानहरू वाक्यात्मक र अवाक्यात्मक ढङ्गको सारगर्भित सूत्रात्मक रूपमा संरचित हुन्छन् । "सामान्य सत्य, परिपक्व ज्ञान वा साझा अनुभवमा आधारित सारगर्भित र सूत्रात्मक उक्तिलाई उखान भनिन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ५२०) ।" उखानले व्यावहारिक तथा साहित्यिक भाषामा रोचकता, कलात्मकताका साथ सारपूर्ण अभिव्यक्ति दिएका हुन्छन् ।

उखान नेपाली भाषाको गहना हो । कुनै पनि भाषालाई सिँगार्न उखानको प्रयोग गर्नुपर्छ । यिनको प्रचुर प्रयोगले भाषामा एक प्रकारको बल सञ्चार हुन्छ । नेपाली जातिमा चलेको उखान नेपाली भाषा र साहित्यको सम्पत्ति, गहना, धुकधुकी, ज्यान र प्राण पनि हो (प्रधान, २०३९, पृ. २१७) । उखानले नेपाली भाषामा मौलिकता झल्काएको हुन्छ । उखानमा लोकजीवनका आदर्श, यथार्थ, इच्छा, विचार र भावना व्यक्त हुन्छन् । उखानमा रीतिरिवाज, लोकधर्म, विश्वास, आस्था, लोकव्यवहार र सन्देश प्रकट भएको हुन्छ । लोकजीवनमा अर्तीउपदेश र सन्देश दिन तथा कमीकमजोरीको आलोचना गर्न उखानको निर्माण एवम् प्रयोग भएको हुन्छ । उखान सामाजिक सांस्कृतिक जीवनका यथार्थ प्रतिबिम्ब मानिन्छन् । लोकजीवनका विविध विषय धर्म-संस्कृति, इतिहास, जाति, प्रकृतिजगत्का कुरा उखानमा आउँछन् (पौड्याल, २०६८, पृ. १) । उखान नेपाली जनजीवनको अनुभव, धारणा, मान्यता, संस्कृति, सहनसहन, मानव स्वभाव र प्रवृत्ति आदि स्रोतबाट सूत्रात्मक रूपमा सिर्जित हुन्छन् ।

आख्यान साहित्यमा विशेष गरी कथा र उपन्यास पर्दछन् । कथा लघु आख्यान हो भने उपन्यास बृहद् आख्यान हो । उपन्यास "धेरै अध्याय वा खण्डहरूमा लेखिने लामो साहित्यिक कथा, चरित्रप्रधान गद्य महाकाव्य (पोखरेल र अन्य, २०४०, पृ. १५२)" हो । बृहद् गद्य आख्यानका रूपमा सृजित उपन्यासमा मूल कथा र प्रासङ्गिक उपकथाहरू हुन्छन् । तिनमा विभिन्न पात्रका संवादहरू हुन्छन् । तिनमा समाजका विभिन्न वर्ग र स्थानका पात्रको संवाद हुन्छ । संवादमा पात्र अनुसार स्थानीय वा लोकजीवनको भाषा प्रयुक्त हुन्छ र त्यस्तो संवादमा उखानहरूको प्रशस्त प्रयोग भएको हुन्छ । उखानको प्रयोगले उपन्यासलाई यथार्थपरक तथा रोचक बनाएको हुन्छ भने नेपाली भाषाको मौलिकतालाई पनि जीवन्त राखेको हुन्छ । कुलप्रसाद कोइरालाको 'उखान सिद्धान्त र विश्लेषण (२०७३), शिवप्रसाद पौड्यालको नेपाली उखानका रचना सन्दर्भ (२०६८) तथा जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास (२०७६) लगायतका ग्रन्थबाट सैद्धान्तिक आधार ग्रहण गरी यहाँ 'प्रेतकल्प' उपन्यासमा प्रयुक्त उखानहरूको विश्लेषण गरिएको छ ।

## प्रेतकल्प उपन्यासको छोटो चिनारी

नेपाली आख्यानकार नारायण ढकाल (२०१०) को 'प्रेतकल्प' (२०६५ प्रथम सं.) ऐतिहासिक तथा सामाजिक विषयवस्तुमा आधारित आधुनिक सामाजिक यथार्थवादी उपन्यास हो । यस उपन्यासमा लगभग सय वर्ष पहिलाको काठमाडौं र त्यसका छेउछाउको नेपाली सामाजिक तथा राजनीतिक चित्र उतारिएको छ । यसमा बालविवाह, जातीय छुवाछुत, वर्गभेद, निरङ्कुश एकतन्त्रीय शासनव्यवस्थाको विरोध गरिएको छ । त्यसै गरी विधवा विवाहको समर्थन गरिएको छ भने नारीशिक्षा, महिला र दलितको मुक्तिका लागि जोडदार आवाज उठाइएको छ । त्यस्तै यस उपन्यासमा अर्काको रचना चोरेर कवि बन्ने दुष्प्रवृत्तिलाई देखाइएको छ ।

प्रस्तुत उपन्यासमा शासक वर्ग र समाजका केही मान्छेमा रहेको व्यभिचारको कुरा औंल्याइएको छ । निरङ्कुश शासक र शासनव्यवस्थाका समर्थकले समाजसुधारमा लागेका न्यायप्रेमी निर्दोष व्यक्तिहरूलाई झुटा मुद्दामा फँसाएर सजाय वा यातना दिने गरेको राजनीतिक प्रतिशोधलाई देखाइएको छ । त्यस्तै एकतन्त्रीय राणाशासनमा जातीयताका आधारमा निर्दोष जनतालाई प्रतिशोधका कारण मृत्युदण्ड दिने र देशनिकाला गर्ने गरिएको कुराको चित्रण गरिएको छ । यस कृतिमा शिक्षाको व्यवस्था गरी सर्वसाधारणलाई शिक्षासुलभ बनाएर जनतामा चेतनाको विकास गर्नुपर्ने विचार व्यक्त गरिएको छ । मूलतः एकतन्त्रीय शासन व्यवस्थाले जनता आक्रान्त र देश खोक्रो बन्दै गएको कुरा औंल्याएर यस उपन्यासमा लेखकको मानवतावादी विचार व्यक्त गरिएको छ ।

यस उपन्यासमा वर्णित समय र स्थानका मूल तथा सहायक पात्र पं.बालकृष्ण आचार्य, दमयन्ती, शङ्खधर, रामकृष्ण, मन्नोदरी, विष्णुभक्त, चन्द्रशेखर, अश्विनी आदिका बिचमा भएको संवादमा प्रसङ्गानुसार विभिन्न उखानहरू प्रयोग भएका छन् । यसरी तत्कालीन समाजको जनजीवनको यथार्थपरक अभिव्यक्ति दिने क्रममा यस उपन्यासका पात्रहरूको संवादमा दशवटा उखान प्रयोग भएका छन् । प्रस्तुत लेखमा ती दशवटा उखानको विश्लेषण गरिएको छ ।

## प्रेतकल्प उपन्यासमा प्रयुक्त उखानको विश्लेषण

प्रेतकल्प उपन्यासमा प्रयुक्त विभिन्न प्रसङ्ग, स्रोत वा क्षेत्रका दशवटा नेपाली उखानहरूलाई निम्नलिखित तालिकामा वर्गीकरण गरिएको छ :

| क्रम | उखान | पृष्ठ | क्षेत्र/स्रोत | आशय |
|---|---|---|---|---|
| १ | काला अक्षर भैँसी बराबर | ६ | पशुपालन र शिक्षा | निरक्षर मानिसको समस्या |
| २ | गाई भे गोरस, भाइ भे भरोस | १३ | पशुपालन र पारिवारिक सम्बन्ध | गाईभैँसी पाल्दा दहीदुध खान पाइन्छ भने दाजुभाइबाट सरसहयोग पाइन्छ । |
| ३ | मौका आउँछ पर्खिंदैन, बगेको खोला फर्किंदैन | ६४ र १७९ | प्रकृति र समाज | बगेको खोला फेरि फर्कंदैन र समय वा अवसर पनि त्यस्तै हो चुकेपछि फेरि आउँदैन । |
| ४ | खुट्टा भए जुत्ता कति कति | १४९ | सामाजिक धारणा | लैङ्गिक भेदभाव, नारीप्रतिको उपेक्षा |
| ५ | गुलाई चलार गन्ध | १५६ | सामाजिक अनुभव | मूर्ख वा दुष्टलाई नजिस्क्याउनु बेस |
| ६ | काग कराउँदै गर्छ, पिना सुक्दै गर्छ | १५६ | पशुन्छीको स्वभाव र सामाजिक अनुभव | चुनौती र बाधा आए पनि आफ्नो काम गर्न छोड्नुहुँदैन । |
| ७ | कालको चाल दैव नटार | १६८ | समयको गति र सामाजिक अनुभव | समय समयमा घटनाहरू घटेरै छाड्छन्, तिनलाई तर्काउन सकिँदैन |
| ८ | आयो दसैँ ढोल बजाई, गयो दसैँ ऋण बोकाइ | १७३ | चाडपर्व र सामाजिक भोगाइ | नेपाली समाजमा ऋण गरेरै भए पनि चाड मनाउने प्रचलनको चित्रण |
| ९ | केइलाई के धन्दा घरज्वाइँलाई खान धन्दा | १७९ | सामाजिक धारणा | घरज्वाइँप्रतिको उपेक्षित भाव र विशेष महत्त्वको कुरा छोडेर सामान्य र नितान्त व्यक्तिग कुरामा ध्यान दिने प्रवृत्ति |
| १० | भाग्गेमानीका भूतै कमारा | २०६ | सामाजिक धारणा | अन्धविश्वास र परिस्थिति अनुकूलताको अभिव्यक्ति |

उपर्युक्त तालिकामा वर्गीकरण गरी प्रस्तुत गरिएका 'प्रेतकल्प' उपन्यासमा प्रयुक्त नेपाली उखानहरूको निम्नलिखित अनुसार व्याख्या-विश्लेषण गरिएको छ :

### १. काला अक्षर भैँसी बराबर

यो कृषिमा आधारित नेपाली समाजको पशुपालन क्षेत्र तथा शैक्षिक समस्याको अनुभवबाट निर्मित उखान हो । निरक्षर मान्छेलाई अक्षर अथवा लिखित सामग्री वन वा चौरमा चर्दै गरेका भैँसीजस्तै काला वस्तु मात्र देखिन्छन् भनिएको छ । पुरानो नेपाली जनजीवन प्रायः पशुपालन र खेतीपातीमा निर्भर थियो । धेरैले शिक्षाको अवसर पाउँदैन थिए । उनीहरूले सानैदेखि गाईभैँसी चराउन वन चौरमा समय व्यतीत गर्नुपर्थ्यो । त्यसैले उनीहरूलाई लिखित सामग्रीमा रहेका अक्षरहरू भैँसीजस्तै लाग्थे अथवा लाग्छन् । त्यसै आधारमा यस उखानमा निरक्षर मानिसले पढ्न अथवा अक्षर छुट्याउन सक्तैनन् भनिएको हो ।

यस उखानले नेपाली जनजीवनमा शिक्षाको अभाव र कृषिअन्तर्गत पशुपालनको सामाजिक झलक दिन्छ । केही टाठाबाठाले अशिक्षित सोझा मानिसको कमजोरीबाट नाजायज फाइदा उठाएर शोषण गर्दथे र अझै पनि केही मात्रामा त्यस्तो समस्या छँदै छ भन्ने नेपाली समाजका समस्यालाई यस उखानले व्यञ्जित गरेको छ । यसै गरी यसले नेपाली भाषामा मौलिकता र रोचकता पनि थपेको छ ।

प्रेतकल्प उपन्यासको प्रसङ्ग अनुसार चोरको झुटो मुद्दा लगाएर जेल हालिएको राजाराम र उपन्यासको मुख्य पात्र बालकृष्णका बिचको संवादमा यो काला अक्षर भैँसी बराबर (ढकाल, २०६६, पृ. ६) भन्ने उखान प्रयोग भएको छ । बालकृष्णका यथार्थ र व्यावहारिक कुरा सुनेर प्रभावित भएपछि जवाफ दिने क्रममा शिक्षित बालकृष्णसँग अशिक्षित राजारामबाट यो उखान व्यक्त भएको हो ।

## २. गाई भे गोरस, भाइ भे भरोस

कृषिमा आधारित नेपाली जनजीवनको पशुपालनअन्तर्गत विशेष गरी गाईपालन र दाजुभाइको एकआपसको सरसहयोगबाट हुने लाभको अनुभवका आधारमा यो उखान बनेको छ । यस उखानले नेपालीहरू गाईभैँसी पाल्छन् र गोरसमा रुचि राख्छन् भन्ने पनि जनाउँछ । त्यस्तै यस उखानले दाजुभाइ हुँदा आडभरोस हुन्छ र हुनुपर्छ भन्ने पनि बुझाउँछ ।

गाईपालन र दाजुभाइको महत्त्व यस उखानको निर्माण आधार भए पनि यसले गाईपालनबाट कृषि र स्वास्थ्यमा हुने लाभ तथा मानिसमा बन्धुत्वको भाव भए एकले अर्कोलाई मद्दत पुग्ने आदि र प्रसङ्गानुसार यीभन्दा भिन्न अन्य अर्थ पनि अभिव्यञ्जित गर्छ । यस उखानले भाषिक अभिव्यक्तिमा नेपाली मौलिकता, रोचकता तथा कलात्मकता थपेको छ । यसबाट व्यावहारिक तथा साहित्यिक अभिव्यक्तिमा सुन्दरता प्रकट हुन्छ ।

प्रेतकल्प उपन्यासको प्रसङ्ग अनुसार बनारसबाट घर आइपुगेको बालकृष्णले आमासँग बहिनीको खोजी गर्छ । आमाबाट बहिनी घाँस काट्न गएकी भन्ने थाहा पाएपछि सानी बहिनीलाई घाँस काट्न किन लगाएको ? भन्ने प्रश्न गर्छ । त्यसको जवाफमा आमा मन्नोदरीबाट यो 'गाई भे गोरस, भाइ भे भरोस' ( ढकाल, २०६६, पृ. १३) भन्ने उखान व्यक्त भएको हो ।

## ३. मौका आउँछ पर्खिँदैन, बगेको खोला फर्किँदैन

निरन्तर बगिरहने खोलाको सुन्दर उदाहरणका साथ समय-गतिको निरन्तरता र समयानुकूल चल्नुपर्ने सन्देश स्वरूप यो उखान निर्मित छ । यस उखानमा मान्छेले प्रकृतिको गतिशीलता र समय गतिको निरन्तरतालाई बुझेर आफूलाई समयानुसार गतिशील बन्नुपर्ने सन्देश छ ।

खोला निरन्तर बगिरहन्छ र बगेको पानी फर्केर उल्टो बग्दैन । त्यस्तै समयको गतिमा विभिन्न अवसरहरू आएका हुन्छन् । त्यस्ता अवसरलाई तत्काल उपयोग गर्न नसके बगेको पानी नफर्केझैँ त्यो मौका फेरि आउँदैन । त्यसैले बगेको पानीको गतिशीलतालाई बुझेर आएको अवसरलाई तत्काल उपयोग गर्नुपर्छ भन्ने यस उखानको आशय रहेको छ ।

प्रेतकल्प उपन्यासको प्रसङ्ग अनुसार चन्द्र समसेर र बालकृष्णको संवादमा बालकृष्णले चित्तबुभ्दो जवाफ दिएपछि चन्द्रसमसेर प्रभावित हुन्छन् । त्यसपछि दरबारमा जागिर खान बालकृष्णलाई प्रस्ताव आउँछ । यो सुनेर बालकृष्णको परिवार र शुभेच्छुकहरू खुसी भएर उसलाई दिएको सुझावमा यो 'मौका आउँछ पर्खिंदैन, बगेको खोला फर्किंदैन' (ढकाल, २०६६, पृ. ६४ र १७९) भन्ने उखान आएको हो । त्यस्तै अर्को प्रसङ्गमा शंखधर पञ्चकिस्नेलाई घोडेजात्रा हेर्न भनी साथी लिएर काठमाडौं जान्छ । तर शङ्खधरको उद्देश्य घोडजात्रा हेर्न नभई श्री ३ चन्द्रशमशेरलाई भेटेर जिम्मावाल पाउने रहेको हुन्छ । घोडेजात्राको उत्सुकता प्रकट गर्ने पञ्चकिस्नेसँगको संवादमा यो उखान शङ्खधरबाट प्रयोग भएको छ ।

### ४. खुट्टा भए जुत्ता कति कति

यो नेपाली समाजमा जरो गाडेर रहेको लैङ्गिक भेदभावयुक्त कुरीतिको मान्यताका आधारमा निर्मित उखान हो । पुरानो र केही मात्रामा वर्तमान नेपाली समाजमा पनि पुरुषको पहिलो दर्जा र नारीको दोस्रो दर्जा रहेको धारणा पाइन्छ । नारी भनेको पुरुषको उपयोगका लागि सृजना भएकी हो भन्ने धारणालाई यस उखानले व्यञ्जित गरेको छ ।

पुरुष खुट्टा र नारी जुत्ता भन्ने यस उखानको आशय हो । यसो हेर्दा खुट्टाको संरक्षण त जुत्ताले गर्ने देखिन्छ । तर पनि जुत्ता त खुट्टाकै लागि निर्मित वस्तु वा उपकरण हो । मूल कुरा त खुट्टा नै हो । त्यसैले जसरी खुट्टा मूल हो भने जुत्ता गौण हो, त्यसरी नै पुरुष मूल हो भने नारी गौण हो । अर्थात् खुट्टाको उपकरण जुत्ता भएझैँ पुरुषको उपकरण नारी हो भन्ने लैङ्गिक भेदभावजन्य मान्यतालाई यस उखानले बुझाएको छ । त्यसैले पुरुषका लागि नारी उपयोग गरिने वस्तु हो भन्ने धारणाले नारीलाई उपेक्षा गरी शोषण गर्ने र मान्छेको दर्जामा गणना नगर्ने कुसंस्कार यस उखानमा प्रकट भएको छ ।

प्रेतकल्प उपन्यासको प्रसङ्गानुसार विधवा दमयन्ती र पण्डित बालकृष्ण आचार्यको प्रेमपछि विवाह हुन्छ । पुरुष भए नारी जति पनि पाइन्छन् भन्ने जमानामा विधवा विवाह गर्नु साहसी काम मानिन्थ्यो । नारीप्रति उपेक्षित भाव राख्ने मानसिकताको विरोधको प्रसङ्गमा बालकृष्णका माध्यमबाट यो 'खुट्टा भए जुत्ता कति कति' (ढकाल, २०६६, पृ. १४९) भन्ने उखान व्यक्त भएको छ ।

### ५. गुलाई चलार गन्ध

मानव-मलमा खराब मानवप्रवृत्तिको आरोप गरी जसरी दिसा चलाउँदा दुर्गन्ध फैलन्छ, त्यसै गरी खराब प्रवृत्ति भएको मान्छेलाई चलायो भने अनावश्यक तनाव दिन्छ भन्ने आशय व्यक्त गर्न यो उखान निर्माण भएको देखिन्छ ।

हो, फूल चलायो भने सुगन्ध फैलन्छ । मल चलायो भने दुर्गन्ध फैलन्छ । त्यस्तै सज्जनलाई केही भन्यो भने ज्ञान पाउन सकिन्छ तर दुर्जनलाई केही भन्यो भने अनावश्यक गालीगलौज पाउन सकिन्छ । त्यसैले दुर्जनसँग टाढै रहनुपर्छ भन्ने सन्देश यस उखानले प्रकट गरेको छ ।

प्रेतकल्प उपन्यासको प्रसङ्गानुसार बालकृष्ण र शङ्खधर बालसखा हुन् तर विपरीत स्वभावका छन् । उपन्यासमा बालकृष्ण अनुकूल पात्र हो भने शङ्खधर प्रतिकूल पात्र हो । शङ्खधरको खलप्रवृत्ति अनुसार बालकृष्णकी पत्नी दमयन्तीलाई गालीगलौज र दुर्व्यवहार गर्छ । त्यही सम्बन्धमा शङ्खधरको दुस्ट्याइँलाई सङ्केत गरेर रामकृष्णद्वारा द्वारा छोरो बालकृष्णसँग यो 'गुलाई चलार गन्ध' (ढकाल, २०६६, पृ. १५६) भन्ने उखान व्यक्त गरिएको हो ।

### ६. काग कराउँदै गर्छ, पिना सुक्दै गर्छ

प्रकृति, पशुपन्छी र कृषिमा आधारित नेपाली जनजीवनको अनुभवका आधारमा यस उखानको निर्माण भएको छ । तोरी, तिल आदिबाट तेल निकालेर बाँकी रहेको ठोस पदार्थलाई पिना भनिन्छ र त्यसलाई सुकाएर उपयोगमा ल्याइन्छ । सुकेको पिना भिजाएर त्यसको लेपले नाङ्ला-डाला लिपेर सुकाइन्छ । त्यस्तो अवस्थामा कागले खान वा बिगार्न सक्छ तर पनि पिना सुकाउनै पर्छ ।

कृषिजन्य वस्तु घाममा सुकाएर उपयोग गरिन्छ । त्यसलाई पशुपन्छीले खान्छन्, विनाश गर्छन् र त्यो बिस्कुनलाई जोगाएर सुकाइपकाइ गरेर उपयोगमा ल्याउने गरिन्छ र गर्नुपर्छ । अथवा मानिसहरूले के भनिरहेका छन् भन्ने कुरालाई बेवास्ता गर्दै आफ्नो काम गरिरहनुपर्छ भन्ने यस उखानको आशय हो । यस अनुसार बाधा अड्चनबाट विचलित नभई वा त्यसमा नअलमलिई आफ्नो काम गरिरहनुपर्छ भन्ने यस उखानको सन्देश हो । विरोधीहरूले विरोध गर्दै गर्छन् तर उद्देश्यानुसार काम गरेरै छाड्ने कुरा यस उखानको व्यञ्जना अर्थ हो ।

प्रेतकल्प उपन्यासको प्रसङ्गानुसार शङ्खधरले बालकृष्ण र उसको परिवारको जहिले पनि विरोध गरिरहेको हुन्छ । बालकृष्णको व्यवहारबाट भने गाउँलेहरू सकारात्मक रूपमा प्रभावित भएर बालकृष्णलाई नै समर्थन गरिरहेका हुन्छन् । बाधाविरोधबाट कत्ति पनि विचलित नभई आफ्नो असल उद्देश्यमा दृढ र निर्भीक भएर लागिरहने बालकृष्णको नैतिक तथा सामाजिक विजय भइरहेकै हुन्छ । त्यसै सन्दर्भमा बालकृष्णका पिता रामकृष्णबाट यो 'काग कराउँदै गर्छ, पिना सुक्दै गर्छ' (ढकाल, २०६६, पृ. १५६) भन्ने उखान व्यक्त भएको हो ।

### ७. कालको चाल दैव नटार

यो उखान 'हुने हार दैव नटार' भनेर पनि प्रचलित छ । यो उखान समाज वा मानवजीवनमा आइलाग्ने अप्ठ्यारा परिस्थिति अथवा दुर्घटनाको दुःखद अनुभवमा आधारित छ । समयको गतिमा कतिबेला के हुन्छ, भन्न सकिँदैन र आकस्मिक रूपमा भइपरिआउने कुरालाई टार्न सकिँदैन भन्ने सामाजिक धारणा, समस्या र अनुभवका आधारमा यो उखान निर्मित छ ।

मान्छे आफ्नो अपेक्षा र उद्देश्यमा अघिबढिरहँदा कहिले काहीँ अचानक नसोचेको समस्या आइलाग्छ । विपरीत घटनाहरू घटिदिन्छन् । आइलाग्न सक्ने समस्यालाई समाधान गर्न गरिएका प्रयास असफल हुन्छन् । त्यस्तो दुःखद चोटले मान्छे छटपटिन्छ तर कतिपय यस्तो परिस्थिति हुन्छ, त्यो कसै गरी पनि टार्न

सकिँदैन वा समाधान हुन सक्तैन । यही परिस्थितिलाई यस उखानले व्यञ्जित गर्छ । आफूले केही गर्न नसकेपछि वा आफ्नो काबुभन्दा बाहिरको परिस्थितिलाई दैवले पनि टार्न सक्तैन भनेर मान्छेले मन बुझाउन यो उखान प्रयोग गरिन्छ । मनोवैज्ञानिक ढङ्गले मान्छेको मन बुझाउन यो उखान प्रयोग हुने गर्छ ।

प्रेतकल्प उपन्यासको प्रसङ्गानुसार कमारो सार्कीको छोरो हैजाको महामारीले मरेपछिको शोकाकुल अवस्थालाई आश्वस्त पार्न हिन्दुस्ताने पात्रको अभिव्यक्तिमा यो 'कालको चाल दैव नटार' (ढकाल, २०६६, पृ. १६८) भन्ने उखान आएको हो ।

**८. आयो दसैं ढोल बजाई, गयो दसैं ऋण बोकाई**

यो उखान ऋण काढेरै भए पनि धुमधामसँग चाडपर्व मनाउने नेपाली समाजको प्रचलनमा आधारित छ । अथवा चाड मनाउन ऋणमा डुब्ने नेपाली जनजीवनको चलनबाट यो उखान बनेको छ । यस उखानमा खुसी र विस्मात दुबै मनस्थितिको मिश्रण छ । 'ढोल बजाई'ले उल्लास वा खुसीको होहल्लासहित भन्ने बुझाएको छ भने त्यस खुसीले ऋण बोकाएको दुःख पनि व्यक्त गरेको छ ।

सबैभन्दा धेरै निम्न वर्ग र त्यसपछि क्रमशः निम्नमध्यम वर्ग, मध्यम वर्ग तथा अत्यन्त थोरै उच्च वर्ग रहेको नेपाली समाजमा सामान्य गुजरा चलाउन नै धेरैलाई समस्या परिररेको हुन्छ । दसैं तिहार लगायतका चाडमा विशेष प्रकारको लवाइखुवाइ, पूजाआजा, भेटघाट, मनोरञ्जन, भोजभतेर आदिमा सामाजिक प्रतिस्पर्धा नै चल्छ । त्यसका लागि अर्थ जुटाउनुपर्दा धेरैलाई ऋण नै काढ्नुपर्ने हुन्छ र त्यसो गर्ने चलन नै रहेको छ । त्यसो नगरे चाड मनाउन नसकिने, चाड नमनाउँदा परिवारमा खिन्नता हुने, विरोधीहरू खुसी हुने र आफू समाजमा उपेक्षित भइने हुनाले ऋण गरेरै भए पनि चाड मनाउनुपर्ने बाध्यात्मक समाजिक प्रचलन नै भएको हुँदा यो उखान प्रायः चरितार्थ भएको पाइन्छ ।

प्रेतकल्प उपन्यासको प्रसङ्गानुसार हैजाको महामारीले दुःखपुर गाउँमा आतङ्क फैलिएर केही साम्य हुना साथ दसैं आयो । गाउँलेहरू दसैं मनाउने सामान जुटाउन चर्को ब्याजमा ऋण गर्न लागे । गाउँलेहरूको त्यस अवस्थालाई यस 'आयो दसैं ढोल बजाई, गयो दसैं ऋण बोकाई' (ढकाल, २०६६, पृ. १७३) उखानले व्यक्त गरेको छ ।

**९. केइलाई के धन्दा घरज्वाइँलाई खाना धन्दा**

यो उखान 'कसैलाई के धन्दा घरज्वाइँलाई खानको धन्दा' भनेर पनि प्रचलित छ । अरुको महत्त्वपूर्ण समस्यालाई पनि वास्ता नगरी आफ्नै सामान्य इच्छा पूर्तिमा लागिरहने मानव प्रवृत्तिबाट यो उखान निर्मित भएको देखिन्छ । यसमा सामाजिक भेदभावको पनि सङ्केत छ । ससुरालीमै बस्ने ज्वाइँलाई घरज्वाइँ भन्ने चलन छ ।

नेपाली समाजका केही समुदायबाहेक धेरै जसो समुदायमा ज्वाइँ कहिलेकाहीँ ससुराली जानेआउने र मानसम्मान प्राप्त गर्ने सम्बन्ध मानिन्छ । कारणवश ससुरालीमै बस्नुपर्ने वा बस्ने ज्वाइँलाई घरज्वाइँ भन्ने र पुरुषप्रधान मान्यतामा आधारित समाजले त्यस्तो ज्वाइँलाई उपेक्षा गर्ने दुष्प्रवृत्ति रहेको छ । त्यसैले

घरज्वाइँलाई विशेष पुरुषार्थहीन खानलाउनको सीमित स्वार्थमा मात्र ध्यान दिने पुरुषका रूपमा चित्रण गर्ने चलन रहेको पाइन्छ । त्यसैले आफ्नै सामान्य सीमित स्वार्थमा लिप्त हुने र विशेष कामकाज नगर्ने पुरुषार्थहीन मान्छेलाई पनि यस 'केइलाई के धन्दा घरज्वाइँलाईृ खाना धन्दा' (ढकाल, २०६६, पृ. १७९) उखानले व्यञ्जित गर्छ ।

प्रेतकल्प उपन्यासको प्रसङ्गानुसार शङ्खधरले पञ्चकिस्ने पात्रलाई घोडेजात्रा हेर्न भनी साथी लिएर श्री ३ सँग भेट्न जान्छ । शङ्खधरको उद्देश्य नबुझ्ेको र घोडेजात्रा हेर्न आफूलाई तीव्र इच्छा भएकाले पञ्चकिस्नेले घोडेजात्राको मात्र कुरा गर्दा शङ्खधरले उसलाई यो उखान प्रयोग गरेको छ ।

## १०. भाग्गेमानीका भूतै कमारा

अनुकूल वातावरण बन्नु अथवा आफूले चाहेजस्तो सफलता प्राप्त हुँदै जानुलाई भाग्गेमानीको भूतै कमारा भनिन्छ । यो उखान नेपाली समाजमा चल्दै आएको किंवदन्ती र जनविश्वासमा आधारित छ । भाग्यवान् व्यक्तिलाई भूतले पनि सघाउँछ भन्ने जनधारणामा यो उखान चलेको छ ।

नेपाली समाजमा केही सिद्धि प्राप्त गरेका मान्छेले भूतलाई लगाएर दुःसाध्य काम सम्पन्न गर्न सक्छ भन्ने विश्वास गरिन्छ । त्यस्ता व्यक्ति धेरै टाढा पनि क्षणभरमै पुग्छन्, धेरै बलले गर्नुपर्ने काम रहस्यमय ढङ्गले सजिलै सम्पन्न गर्छन् र असम्भव कार्य सम्भव गराउने गर्छन् भन्ने कथाहरू समाजमा प्रचलित छन् । कसैको कुनै काम रहस्यमय ढङ्गबाट भयो वा घटना घट्यो भने भूत लगाएर गरिएको हुनसक्छ भन्ने अन्धविश्वास रहिआएको छ । समाजमा कसैको जीवनमा सफलतै सफलता वा अनुकूलै अनुकूल हुँदै गयो भने पनि त्यसलाई यस उखानले प्रकट गरिन्छ ।

प्रेतकल्प उपन्यासको प्रसङ्गानुसार बालकृष्ण पक्राउ परेपछि उसका खेतको बाली पनि त्यसै रह्यो । त्यस परिवारप्रति गाउँलेको सहानुभूति भए पनि त्यहाँ सघाउन गए सरकारको आँखा लाग्ने र सजाय पाइने डरले कोही पनि सघाउन जान सक्तैनथे । तर गोप्य रूपमा राति भेला भएर गहुँ काटेर थन्क्याउन थालियो । यस्तो वास्तविकता थाहा नपाउनेहरूले आचार्य बाजेले भूत सिद्धि गरेर काम लगाएको भन्ने चर्चा गरे । त्यही प्रसङ्गमा यो 'भाग्गेमानीका भूतै कमारा' (ढकाल, २०६६, पृ. २०६) भन्ने उखान प्रयोग भएको छ ।

## प्राप्ति र छलफल

उखान सामाजिक अनुभवका एक वाक्यात्मक, सारगर्भित तथा सूत्रात्मक अभिव्यक्ति हुन् । "उखान लोकजीवनका विशेष घटना, लोकपुरुषका भावसघन उक्ति, जो पद्यगद्यात्मक शैलीमा सूत्रात्मक सूक्तिका रूपमा रहेका हुन्छन् र जसले समाजसापेक्ष र सार्वभौमिक सन्देश दिन्छन् अनि लोक मुखपरम्पराबाट पुस्तापुस्तान्तरसम्म जीवित रहेका हुन्छन् (कोइराला र पौडेल, २०७६, पृ. २८६) ।" प्रेतकल्प उपन्यासमा प्रयुक्त दशवटा उखानमध्ये 'काला अक्षर भैँसी बराबर' मा अशिक्षाको समस्या व्यञ्जित छ भने 'गाई भे गोरस, भाइ भ भरोस' उखानले उपलब्ध वस्तु र आफन्तबाट आड भरोस र सहयोग प्राप्त हुने जनाएको छ

। 'मौका आउँछ पर्खिंदैन, बगेको खोला फर्किंदैन' भन्ने उखानमा समयानुसार चल्नुपर्ने सन्देश छ भने 'खुट्टा भए जुत्ता कति कति' उखानमा साधनभन्दा साध्य महत्त्वपूर्ण हुने कुरा जनाउनका साथै लैङ्गिक भेद व्यञ्जित छ । 'गुलाई चलार गन्ध' उखानमा खराब वस्तु र दुर्जनबाट जोगिनपर्ने सन्देश छ भने 'काग कराउँदै गर्छ, पिना सुक्दै गर्छ' भन्ने उखानमा बाधाअड्चनसँग नडराई आफ्नो लक्ष्यमा अघिबढ्नुपर्ने व्यञ्जना छ । 'कालको चाल दैव नटार' उखानमा समयानुसार आइपर्ने समस्यालाई स्विकार्नैपर्ने कुरा जनाइएको छ भने 'आयो दसैं ढोल बजाई, गयो दसैं ऋण बोकाई' भन्ने उखानमा सुखले दुःख पनि निम्त्याउँने अभिप्राय व्यक्त छ । 'केइलाई के धन्दा घरज्वाइँलाई खाना धन्दा' उखानमा पुरुषार्थहीनहरू उदरपूर्तिमा नै केन्द्रित हुने प्रवृत्तिप्रति व्यङ्ग्य गर्नका साथै लैङ्गिक भेदभाव पनि व्यञ्जित छ भने 'भाग्गेमानीको भूतै कमारा' उखानले जुन कुराबाट पनि लाभ नै हुने वा जताबाट पनि फाइदै फाइदा हुने कुरालाई जनाउँछ ।

यसरी समाजको यथार्थ परिस्थितिको चित्रण गर्ने क्रममा नेपाली भाषामा चलेका उपर्युक्त उखानको सान्दर्भिक प्रयोगमा लोकजीवनका उक्त पक्षहरू व्यञ्जित भएका छन् । "समाजले लामो समयका अनुभवका स्पृहणीय कुरालाई साना छोटा वाक्यमा यदाकदा उत्तर पुस्ताका व्यक्तिले बाटो बिराउँदा, असुहाउँदिलो काम गर्दा या त्यस्तै परिस्थिति सृजना भएको देखिँदा भनेका भनाइ नै उखानका रूपमा प्रचलित भएका हुन् ( कोइराला र पौडेल, २०७६, पृ. २८०) ।" प्रेतकल्प उपन्यासमा प्रयुक्त उक्त उखानहरूले अशिक्षा, सरसहयोग, समयको सदुपयोग, लैङ्गिक भेदभाव, खराब र दुर्जनबाट बच्नुपर्ने, बाधाबाट नडराई आफ्नो उद्देश्यमा अघि बढ्नुपर्ने, आइपर्ने समस्या बेहोर्न तयार हुनुपर्ने, सुखले दुःख निम्त्याउन सक्ने, पुरुषार्थहीनता, अनुकूलता जस्ता समाजका सकारात्मक तथा नकारात्मक पक्षलाई व्यक्त गरेका छन् । "उखानहरू लोकजीवनको सुदीर्घ अन्तरक्रियाका उपजका रूपमा रहेका पाइन्छन् । लोकजीवनका राम्रा नराम्रा सबैले उखानमा लोककै अनुभव, अर्ती र उपदेश अनि दृष्टान्त बोकेर दन्तपरम्परामा बाँचेर आएका हुन्छन् ( कोइराला र पौडेल, २०७६, पृ. २८२) ।"

समग्रमा लोकजीवनका वा सामाजिक समस्या, मानव अनुभव र भोगाइलाई 'प्रेतकल्प' उपन्यासमा प्रस्तुत गरिएको छ र तिनै कुरालाई विश्लेषित उखानहरूले अझ स्पष्ट पार्नका साथै नेपाली भाषाको मौलिकतालाई समेत कायम राखेका छन् । यही नै प्रस्तुत अध्ययनको प्राप्ति हो ।

## निष्कर्ष

नेपाली आख्यानकार नारायण ढकालको 'प्रेतकल्प' ऐतिहासिक तथा सामाजिक विषयमा आधारित यथार्थवादी उपन्यास हो । उपन्यासमा वर्णित समय र स्थानको जनजीवनको चित्रणमा पात्रहरूको संवादमा उखानहरूको समुचित प्रयोग छ । उखानको त्यस्तो प्रासङ्गिक प्रयोगले तत्कालीन र तत्स्थानीय जनजीवनको वास्तविक अवस्था स्पष्ट भएको छ भने नेपाली भाषाको मौलिकता पनि झल्किएको छ ।

यस उपन्यासमा प्रयुक्त तथा यस लेखमा विश्लेषित उखानमा निरक्षरताको समस्यालाई प्रस्तुत गरिएको छ । त्यसै गरी पशुपालन, पारिवारिक सरसहयोग, समय र अवसरको उपयोग आदिको महत्त्व प्रकट भएको छ । त्यस्तै उक्त उखानमा लैङ्गिक भेदभाव, नारीप्रतिको उपेक्षा, दुष्टबाट बचाउ, चुनौती र

बाधासँग सङ्घर्ष गर्नुपर्ने, आफ्नो उद्देश्यमा दृढ रहनुपर्ने, विपरीत परिस्थितिलाई सामना गर्नैपर्ने, ऋण गरेर चाड मनाउने प्रचलन, विशेष महत्त्वको कुराभन्दा सामान्य र नितान्त व्यक्तिगत कुरामा ध्यान दिने प्रवृत्ति, अन्धविश्वास आदि कुराको अभिव्यक्ति पाइन्छ । प्रेतकल्प उपन्यासमा वर्णित समय र स्थानको नेपाली समाजको वास्तविक अवस्था र नेपाली भाषाको मौलिकता तथा प्रभावकारिता प्रकट गर्न उपन्यासमा प्रयुक्त उखानको महत्त्वपूर्ण भूमिका रहेको छ ।

अतः उपन्यासमा वर्णित नेपाली समाजमा विद्यमान विवशता, अशिक्षा, गरिबी, शोषण, जातिभेद, वर्गभेद, राजनीतिक तथा प्रशासनिक निरङ्कुशताको आलोचनात्मक चित्रण गरिएको छ । यस किसिमको चित्रणमा उपर्युक्त विश्लेषित उखानहरूको उपन्यासमा प्रभावकारी प्रयोग गरी समाजिक चेतना जगाएइएको हुँदा यो उखान प्रयोगका दृष्टिले विशिष्ट स्तरको उपन्यास हो ।

## सन्दर्भ सामग्री सूची


कोइराला, कुलप्रसाद (२०७३), *उखान सिद्धान्त र विश्लेषण,* साझा प्रकाशन ।

कोइराला, कुलप्रसाद र पौडेल, शिवप्रसाद (२०७६), 'नेपाल उखान' *जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास (दोस्रो ठेली,* सम्पा. माधवप्रसाद पोखरेल र अन्य), कमलमणि प्रकाशन ।

ढकाल, नारायण (२०६६), *प्रेतकल्प (दोस्रो सं.),* साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा. २०४०), *नेपाली बृहत् शब्दकोश,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

पौड्याल, शिवप्रसाद (२०६८), *नेपाली उखानका रचना सन्दर्भ,* सुशील पौड्याल ।

प्रधान, पारसमणि (२०३९), 'नेपाली साहित्यमा उखानको स्थान' *पच्चीस वर्षका भाषिक चर्चा* (सम्पा. बालकृष्ण पोखरेल), नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

शमशेर, पुष्कर (२०५०), *उखान टुक्काको कोश* (तेस्रो सं.), साझा प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६३), *लोकवार्ताविज्ञान र लोकसाहित्य,* विद्यार्थी पुस्तक भण्डार ।